नेपाल सरकार
**गृह मन्त्रालय**
# जिल्ला प्रशासन कार्यालय
**पाल्पा, तानसेन**

☎ ०७५ { ५२०१२३, ५२०१२४, ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: www.daopalpa.moha.gov.np

च.नं.
प.सं.:२०७८/७९

मिति: २०७८/९/२८

## प्रमुख जिल्ला अधिकारीवाट जारी आदेश

विगतका केही दिन देखि नयां भेरियन्ट सहितको कोभिड–१९ को संक्रमण तिव्ररुपमा बढी रहेको हुंदा उक्त संक्रमणको रोकथाम, नियन्त्रण र उपचारका लागि कोभिड–१९ संकट व्यवस्थापन केन्द्र (CCMC) को मिति २०७८।९।२५ को सिफारिस एबं गृह मन्त्रालय (मा.मन्त्रीस्तर) को निर्णय, लुम्बिनी प्रदेश कोरोना संकट व्यवस्थापन केन्द्रको मिति २०७८।९।२६ निर्णय तथा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) पाल्पाको मिति २०७८।०९।२८ को निर्णय समेतका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८।९।२८ गते राति १२.०० देखि अर्को सूचना नभएसम्म लागू हुने गरी यो आदेश जारी गरिएको छ।

**१.** कोभिड-१९ को नयाँ भेरियन्ट सहित संक्रमण यस जिल्लामा पनि फैलने सम्भावना देखिएकोले संक्रमण बढ्न नदिन यस बर्षको माघेसंक्रान्ति मेला नलगाउनु, नगर्नु हुन, राजनीतिक, प्रशासनिक तथा सांस्कृतिक कार्यक्रम, जात्रा, महोत्सव, वार्षिकोत्सव, भेला, जुलुस तथा र्याली जस्ता भिडभाडजन्य गतिबिधि नगर्नु/नगराउनु ।

**२.** अति आबश्यक भइ बैठक, कार्यक्रम गर्नुपरेमा २५ जना भन्दा बढि संख्यामा नहुने गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पालना हुने गरी गर्न सकिने ।

**३.** साबुनपानीले हात धुने, स्यानिटाईजर प्रयोग गर्ने, सहि तरिकाले मास्क लगाउने तथा भौतिक दुरी कायम गर्ने लगायतका स्वास्थ्यका मापदण्ड कडाईका साथ पालना गर्ने/गराउने ।

**४.** मिति २०७८/१०/७ देखि लागू हुने गरी कार्यालय, होटेल, रेस्टुरेन्ट, सिनेमा हल, पार्क जस्ता सार्बजनिक स्थानहरुमा कोभिड-१९ बिरुद्दको खोप लगाएको खोप कार्ड (मोबाइलमा खिचेको फोटो भए पनि हुने) हेरेर मात्र प्रवेश गर्न दिने।

**५.** सार्बजनिक सेवा प्रवाह गर्दा सेवाग्राहीको बढी चाप हुने कार्यालयहरुले भिडभाड नहुने उपयुक्त तरिका अवलम्बन गरी, स्वास्थ्य मापदण्ड पालना हुने गरी सेवा प्रवाहको ब्यबस्था मिलाउने तथा मिति २०७८/१०/७ देखि लागू हुने गरी कोभिड-१९ बिरुद्दको खोप लगाएको खोप कार्ड (मोबाइलमा खिचेको फोटो भए पनि हुने) हेरेर मात्र सार्बजनिक सेवा उपलब्ध गराउने।

**६.** कोभिड-१९ संक्रमणको चुनौती सामना गर्न पहिले संचालनमा आएका क्वारेन्टाइन/आइसोलेसन केन्द्रलाई सबै स्थानीय तहले तयारी अवस्थामा राख्ने।

**जगन्नाथ पन्त**
**प्रमुख जिल्ला अधिकारी**

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
पाल्पा, तानसेन

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: www.daopalpa.moha.gov.np

च.नं.
प.सं.:२०७८/७९

७. कोभिड-१९ संक्रमणको सम्भावित तेस्रो लहरको सामना गर्ने पूर्बतयारी गरी सबै स्वास्थ्य सँस्थाहरु, सरकारी, निजि तथा सामुदायिक अस्पताल तथा मेडिकल कलेजहरु तयारी अवस्थामा रहने ।

८. सबै गाउँपालिकाका तथा नगरपालिकाका सार्बजनिक स्थानहरुमा नि:शुल्क एन्टिजन परीक्षणका लागि टेस्ट बुथ स्थापना गर्ने ब्यबस्था गाउँ/नगरपालिकाहरु संगको सहकार्यमा स्वास्थ्य कार्यालय, पाल्पाले मिलाउने ।

९. निजी व्यवसाय संचालकहरुले स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई मात्र सेवा, व्यवसाय संचालन गर्ने।

१०. पहिलो तथा समय पुगेर पनि दोस्रो मात्रा खोप नलगाएका लक्षित उमेर समुहका व्यक्तिहरुले अस्पतालहरु, स्थानीय स्वास्थ्य केन्द्र हरुमा सम्पर्क गरी अनिबार्य खोप लगाउनु हुन।

११. भारत तथा अन्य देशबाट स्वदेश फिर्ता भएका यस जिल्लामा आउने सबै व्यक्तिहरुलाई आफ्नो पूर्ण विवरण आफ्नो स्थानीय ठेगानाको वडा कार्यालयमा अनिबार्य दिनु हुन, स्वास्थ्य परिक्षण गराउनु हुन र खोप नलगाएको भए खोप लगाउनु हुन, संक्रमण भएमा स्थानीय तहसँग सम्पर्कमा रही आइसोलेसनमा बस्नु हुन र सो अनुरुपको आवश्यक ब्यबस्था स्थानीय तहबाट गर्नु गराउनु हुन।

१२. सार्बजनिक यातायातका यात्रुबाहक सवारीसाधनहरुले सिट क्षमताभन्दा बढि यात्रु नराख्ने, चालक तथा सहचालकहरुले मास्क, भाइजर तथा पन्जा (gloves) को प्रयोग गर्ने, यात्रुहरुले अनिबार्यरुपमा मास्क लगाउने, स्यानिटाइजरको व्यवस्था गर्ने एबं सवारीसाधनलाई संक्रमणरहित बनाउन दैनिकरुपमा निसंक्रमण (Disinfect) गर्ने व्यवस्था मिलाउने ।

१३. कोभिड-१९ को सम्भावित तेस्रो लहरबाट जोगिन स्वास्थ्य सतर्कता अपनाउने तथा स्वास्थ्य मापदण्ड पालना गर्ने/गराउने सम्बन्धमा जिल्लास्थित सबै संचार माध्यमहरुले जनचेतनामुलक सूचना प्रकाशन तथा प्रशारणका गरि दिनु हुन।

१४. कोभिड-१९ सम्बन्धी आदेशको पालना/कार्यान्वयन सम्बन्धमा सुरक्षा निकायबाट नियमित तथा आकस्मिक अनुगमन गर्ने र आदेशको उल्लंघन भएको पाईएमा संक्रामक रोग ऐन, २०२० र अन्य प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

२०७८।५।२८

जगन्नाथ पन्त
प्रमुख जिल्ला अधिकारी